# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, माघ १ गते २०६० साल (अतिरिक्ताङ्क ६०


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०६० सालको अध्यादेश नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### आर्थिक वर्ष २०६०।६१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्न व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना: आर्थिक वर्ष २०६०।६१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "विनियोजन अध्यादेश, २०६०" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०६०।६१ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०६०।६१ को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ को साधारण खर्चको र महल ५ को विकास खर्चको रकम महल ६ मा उल्लिखित जम्मा रु. ८४,२६,६४,२४,०००।- (चौरासी अरब छब्बीस करोड चौसठ्ठी लाख चौबीस हजार रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यो अध्यादेशद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६०।६१ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा श्री ५ को सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । विकास खर्च तर्फ विनियोजित रकम साधारण खर्च तर्फ सार्न सकिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर विकास खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संख्या ८६ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या ११ देखि ९५ सम्मको जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. बचाउ: सम्वत २०६० साल श्रावण १ गते जारी भएको विनियोजन अध्यादेश, २०६० बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची– १

(दफा २ सँग सम्बन्धित)

नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार

सञ्चित कोष माथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ३२९१७५ |
| २ | १२ | राजपरिषद् | १०९७७ |
| ३ | १३ | संसद | ४६९६ |
| ४ | १४-३-११० | सर्वोच्च अदालत | ४५५५३ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २७७२७ |
| ६ | १६ | महालेखा परीक्षकको विभाग | ५८०६० |
| ७ | १७ | लोक सेवा आयोग | ५९०८२ |
| ८ | १८ | निर्वाचन आयोग | ४४१९० |
| ९ | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | ८७६७३०४ |
| १० | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ६१८१८२१ |
| ११ | ८३ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २६०१९९१ |
| १२ | ९५-३-५४० | अर्थ मन्त्रालय विविध-दण्ड जरिवाना फिर्ता | ३००० |
| | | जम्मा | १८१३३५७६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- २
### (दफा २ संग सम्बन्धित)
### सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | साधारण खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | विकास खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| १ | १३ | संसद | २१६७३३ | ० | २१६७३३ |
| २ | १४ | अदालत | ४१८९६२ | १२५८०० | ५४४७६२ |
| ३ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ० | ३१५० | ३१५० |
| ४ | १६ | महालेखा परीक्षकको विभाग | ० | २८१०० | २८१०० |
| ५ | १७ | लोक सेवा आयोग | ० | ६५०० | ६५०० |
| ६ | १८ | निर्वाचन आयोग | ५७२००० | ० | ५७२००० |
| ७ | १९ | महान्यायाधिवक्ताको कार्यालय | ८६३५८ | ६५०० | ९२८५८ |
| ८ | २० | न्याय परिषद् | ५७६६ | ० | ५७६६ |
| ९ | २५ | प्रधानमन्त्रीको कार्यालय | १८०७५ | ० | १८०७५ |
| १० | २७ | राष्ट्रिय सतर्कता केन्द्र | ९४१० | ० | ९४१० |
| ११ | ३० | मन्त्रिपरिषद | ५२७५० | २१०० | ५४८५० |
| १२ | ३५ | अर्थ मन्त्रालय | ५२८०९९ | ४६६२७८ | ९९४३७७ |
| १३ | ३८ | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | २५०६६१ | ७५५२६५ | १००५९२६ |
| १४ | ३९ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २५४३३ | १००० | २६४३३ |
| १५ | ४० | कृषि तथा सहकारी मन्त्रालय | १७६२०९ | २२९६७३६ | २४७२९४५ |
| १६ | ४५ | गृह मन्त्रालय | ६९६७६७१ | ८६००० | ७०५३६७१ |
| १७ | ४६ | जनसंख्या तथा वातावरण मन्त्रालय | ९४०५ | ४१६५० | ५१०५५ |
| १८ | ४७ | जलस्रोत मन्त्रालय | २६९०२७ | २७६५६३३ | ३०३४६६० |
| १९ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ४८५७७६ | ८०३५४८८ | ८५२१२६४ |
| २० | ४९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ९३०८५ | २४९८५५ | ३४२९४० |
| २१ | ५० | परराष्ट्र मन्त्रालय | १०१९१९४ | ० | १०१९१९४ |
| २२ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ३८७०८९ | ३२६८६९ | ७१३९५८ |





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ६२५६३ | १८८७७३ | २५१३३६ |
| २४ | ५८ | रक्षा मन्त्रालय | ७१८४२२१ | ० | ७१८४२२१ |
| २५ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | १३१३२१७ | ६२६२५४ | १९३९४७१ |
| २६ | ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | २६७९८ | ८१२१९८ | ८३८९९६ |
| २७ | ६५ | शिक्षा तथा खेलकूद मन्त्रालय | ११२४४८०१ | ४३६८४७३ | १५६१३२७४ |
| २८ | ६६ | सामान्य प्रशासन मन्त्रालय | ४३८४३ | १२५०० | ५६३४३ |
| २९ | ६७ | सूचना तथा संचार मन्त्रालय | ९३६८७६ | २५३४५० | ११९०३२६ |
| ३० | ६९ | स्थानीय विकास मन्त्रालय | ६६२२१५ | ५८७९७०७ | ६५४१९२२ |
| ३१ | ७० | स्वास्थ्य मन्त्रालय | २१९१००४ | २८५६२९८ | ५०४७३०२ |
| ३२ | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ४९९८९ | ६५७०० | ११५६८९ |
| ३३ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ८७७७० | ५०६६२३ | ५९४३९३ |
| ३४ | ८६ | अर्थ मन्त्रालय-लगानी वैदेशिक संस्थाहरु | ३४५०० | ० | ३४५०० |
| ३५ | ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ० | ७४७०००० | ७४७०००० |
| ३६ | ९५ | अर्थ मन्त्रालय-विविध | ६९९१९२४ | ३६०८१०० | १०६०००२४ |
| | | जम्मा | ४२४२१४२४ | ४१८४५००० | ८४२६६४२४ |

**लालमोहर सदर मिति: २०६०।१०।१५**

आज्ञाले,

हरिप्रसाद न्यौपाने

**श्री ५ को सरकारको का.मु. सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।